# शहिद लखन गाउँसभाको १५ औं गाउँसभामा गाउँपालिकाका अध्यक्ष श्री रमेशबाबु थापा मगरज्यूले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम

**सभाबाट पारित मितिः २०८१।०३।०७**

# आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम

## ❖ कृषि नीतिः

१. गाउँपालिका क्षेत्रमा कृषि उत्पादन वृद्धि गर्न गुणस्तरीय बीउ बिजन, मलखाद, आधुनिक कृषि औजार उपकरणका साथै उत्पादित कृषि जन्य वस्तुहरुको विविधिकरण,व्यवसायीकरण तथा बजारीकरणको लागि गाउँपालिकाले कृषि संकलन केन्द्र र हाटबजार मार्फत कृषकहरुको उत्पादन बिक्रि वितरणका लागि सहजीकरण गर्ने नीति लिइनेछ ।

२. वडाहरुको भौगोलिक अवस्थाको विशिष्टता तथा उत्पादनशिलता अनुसार बिशेष बाली उत्पादन योजना तर्जुमा गरी वडालाई कुनै एक बालीको पकेट क्षेत्र घोषणा गरी कृषक समूह र सहकारी मार्फत कार्यक्रम संचालन तथा उत्पादन वृद्धि गरी कृषकहरुको आय स्तरमा सुधार गर्ने नीति लिइनेछ।

३. रैथाने बालीलाई संरक्षण गर्दै उन्नत जातका बालीलाइ व्यावसायिकरणमा लैजान जोड गरिनेछ, प्राङ्गारिक मल उत्पादनमा जोड र प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

४. कृषि उत्पादन वृद्धि गर्नका लागि कृषि पेशालाई आधुनिकीकरण, विविधिकरण, औद्योगिकरण एवं व्यवसायीकरण गर्ने नीति लिइनेछ ।

५. विपन्न वर्ग, महिला, बैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लगायत सम्पूर्ण कृषि कार्य गर्न चाहने कृषकहरुका लागि व्यावसायिक सिप विकास तालिम संचालन गरिनेछ।

६. सीमान्तकृत समुदायलाई व्यावसायिक कृषिमा जोड्ने नीति लिईनेछ।

७. मौरी पालन सँगै फापर र तोरी खेती सम्बन्धित विशेष कार्यक्रम संचालन गरिनेछ।

८. साना सिंचाइ सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

९. उत्पादनमा आधारित रहेर सहकारी सँगको समन्वयमा कृषकहरुलाई अनुदान दिने व्यवस्था मिलाईनेछ।

१०.गाउँपालिका क्षेत्रमा आकस्मिक कृषि सेवा टेवा कार्यक्रम संचालन गरिनेछ।

११.कृषि उत्पादनको सहज बजारीकरणको लागि कृषि एम्बुलेन्सलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

१२.कृषि सहकारी, कृषक समूह र कृषि फर्मलाई विशेष प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ।

१३.कृषिको वास्तविक तथ्यांक संकलन तथा अद्यावधिकका लागि विशेष कार्यक्रम अबलम्बन गरिनेछ।

१४.व्यवसायिक फूल खेती कार्यक्रम संचालनमा जोड दिईनेछ।

१५.कृषि प्राविधिकहरुको क्षमता विकासको लागि क्षमता विकासका कार्यक्रममा ध्यान दिईनेछ।

१६.कृषि कार्यक्रम संचालनको लागि साझेदार गर्न ईच्छुक सरकारी, गैर सरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१७.गाउँपालिकामा रहेका विद्यालयहरुमा कृषि सम्बन्धी विषादीको असर तथा पत्रुखाना साथै रैथाने बालीको बारेमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

१८.कफी, अलैंची, टिम्बुर खेतीको कार्यक्रम सञ्चालन गरिनेछ।

१९.बाली बिमा कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

२०.खेती गरेको क्षेत्रफलको आधारमा कृषि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२१.नयाँ नयाँ कृषि प्रविधीको कार्यक्रम साझेदारीमा संचालन गर्न जोड दिईनेछ।

२२.अनुदानको रासायनिक मल वितरण गर्ने सहकारी संस्था, फर्महरु लगायत गाउँपालिकाका कृषकहरुलाई **रासायनिक मलको उपयुक्त प्रयोग सम्बन्धी** सचेतना कार्यक्रम संञ्चालन गरिनेछ।

२३.गाउँपालिकामा उत्कृष्ट कार्य गर्ने कृषक, फर्म, समूह, कृषि सहकारीलाई पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२४.गाउँपालिकाका कृषकहरुलाई **हेरेर सिकिन्छ** भन्ने सिद्धान्तलाई आत्मासाथ गर्दै कृषक भ्रमण तथा कृषि मेला प्रर्दर्शनी कार्यक्रम सञ्चालन गरिनेछ।

२५.गाउँपालिकाको कृषिसँग सम्बन्धित बिषय समेटेर गाउँपालिकाको कृषि डायरी प्रकाशन गरिनेछ।

२६.लोपोन्मुख सिमान्तकृत जातिको लागि कृषि विशेष कार्यक्रम संचालनको लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ।

२७.**एक घर एक कम्पोष्ट मल खाडल** भन्ने नीति लिई गाउँपालिकालाई दिगो खेतिको कार्यक्रम संञ्चालन गरिनेछ।

२८.संघीय सरकारसँग समन्वय गरी गाउँपालिकाको जनताको खाद्य तथा पोषण सुरक्षा सुधारमा जोड दिने नीति लिईनेछ।

२९.व्यवसायिक कृषकको खेतबारीमा जनप्रतिनिधि भेटघाट गर्ने नीति लिइनेछ।

३०.गाउँपालिकाको सुख्खा रहने क्षेत्रमा अदुवा र बेसारको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

३१.सुन्तलाजात फलफूल खेतीको सुधार र संरक्षण गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासँग समन्वय गर्ने नीति लिइनेछ।

३२.कृषि जन्य वस्तुहरुको उत्पादनलाइ प्रशोधन गर्ने मेशिनरी सामाग्रीमा जोड दिने नीति लिइनेछ।

३३.धान, मकै र कोदो बालीको बीउ उत्पादन गर्ने नीति लिइनेछ।

### ❖ पशुपन्छी विकास नीतिः

१. पशुपंन्छी जन्य वस्तुहरुको उत्पादनमा जोड दिदै व्यावसायिकता प्रवर्द्धन गर्ने नीति लिईनेछ।

२. पशुजन्य उत्पादनको बजार व्यवस्थापन कृषि संकलन केन्द्र तथा हाटबजारबाट हुने व्यवस्था मिलाईनेछ।

३. पशुपन्छीको रोगहरुको नियन्त्रण तथा रोकथाम गरी स्वच्छ उत्पादनमा जोड दिँदै पशुपंन्छीलाई खोप, औषधी उपकरणको व्यवस्था तथा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।

४. पशुमा नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधारले गाई, भैसी र बाख्राको कृत्रिम गर्भाधान कार्यक्रम उच्च प्राथमिकतामा राखी नश्ल सुधार पशुहरुको संख्या वृद्धिमा जोड दिईनेछ।

५. भौगोलिक क्षेत्र अनुसारको प्रत्येक वडालाई पशुपन्छी पकेटको रुपमा कार्यक्रम संचालन गरिनेछ।

६. माछा पालन कार्यक्रमलाई विशेष कार्यक्रम बनाई संचालन गरिनेछ।

७. भुस्याहा कुकुरको संख्या र रेबिज रोगको नियन्त्रणको लागि कुकुर बन्ध्याकरण शिविर संचालन गरिनेछ।

८. गाउँपालिकाको सबै विद्यालयहरुमा रेबिज रोग One Health Concept Anti-Microbial Resistance को बारेमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

९. कृषक तथा पशु प्राविधिकहरुलाई नयाँ प्रविधीको तालिम, गोष्ठी जस्ता क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

१०.उत्पादनलाई प्रभावकारी रुपमा संचालन गर्न दुध संकलन केन्द्रको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

११.पशु कार्यक्रम संचालनको लागि साझेदार गर्न ईच्छुक सरकारी, गैर सरकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१२.बिभिन्न घाँस बालीका पकेट क्षेत्र बनाइनुका साथै घाँस श्रोत केन्द्रको हब बनाउने नीति लिइनेछ।

१३.पशु बिमालाइ प्रभावकारी रुपका संचालन गर्ने नीति लिइनेछ।

१४.उत्पादनमा आधारित अनुदान कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

१५.शहिद लखन गाउँपालिकालाई मासुजन्य तथा दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउने नीति लइनेछ।

## ❖ सहकारी नीतिः

१. गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सहकारीहरुलाई व्यवस्थित गर्न क्षमता विकास कार्यक्रम संचालन गरिनुका साथै निष्कृय रहेका सहकारीलाई संचालनको लागि विशेष पहल गरिनेछ।

२. उत्कृष्ट सहकारीलाई सम्मान तथा निष्कृय सहकारीलाई जरिवानाको अवधारणा लिईनेछ।

३. सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको स्थापना, विकास र सञ्चालनका लागि प्रबर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. दलित, सिमान्तकृत, अल्पसंख्यक तथा सर्वसाधारण गाउँपालिकाबासी नागरिक माझ सहकारीको पहुँच विस्तारमा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषि, बहुउदेश्यीय र बचत तथा ऋण सहकारी संस्था दर्तालाई व्यवस्थित र उदेश्यमुखी बनाईने नीति लिईनेछ।

६. शिक्षक, कर्मचारी लगायतका पेशामा आबद्ध व्यक्तिहरुलाई आफ्नो पेशा सँग सम्बन्धित सहकारी बाहेकको सहकारीमा सदस्य रहन नदिने व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

७. सहकारी दर्ता र नियमन कार्यलाई व्यवस्थित बनाउन प्रविधीमैत्री सहकारी अवधारणाको आधारमा दक्ष जनशक्ति तथा प्रविधीको व्यवस्थापनमा लगानी गरिनेछ।

८. श्रमिक तथा पेशाकर्मीहरुको हक अधिकार संरक्षण तथा व्यवसायिकता विकासको लागि श्रमिक सहकारी संस्था स्थापनालाई प्राथमिकतामा राखिनेछ।

९. महिलाको भूमिकालाई नेतृत्वमा विकास गर्न एक वडा एक महिला सहकारी स्थापना गरी महिला सशक्तिकरण गर्ने नीति लिईनेछ।

१०.सहकारीलाई मर्ज गर्ने नीतिलाई प्रोहोत्साहन गरिनेछ।

११.कृषि सहकारी संस्थालाई उत्पादनसँग जोड्ने नीति लिइनेछ।

## ❖ ऐतिहाँसिक र साँस्कृतिक क्षेत्रहरुको विकास तथा पर्यटन विकास सम्बन्धी नीतिः

१. देशमा भएका प्रजातान्त्रिक आन्दोलन, दश बर्षे जनयुद्ध र १९ दिने शान्तिपूर्ण आन्दोलनमा यस गाउँपालिका भित्र शाहदत प्राप्त शहिद, बेपत्ता तथा घाईते व्यक्तिहरुको सम्मान स्वरुप एक प्रतिष्ठान स्थापना गरिने नीति तय गरिनेछ।

२. लखन किल्लामा प्रथम जनविद्रोहका सबै शहिद तथा योद्धाहरुको संग्रहालय र स्मारक बनाई जनस्तरमा उनीहरुको योगदानबारे परिचित गराउने नीति लिईनेछ।

३. वडा नं. ६ मा निर्माणाधिन शहिद तथा बेपत्ता स्मृती पार्कको विकास गरी देश र जनहितको निम्ति बलिदानी दिने शहिदहरुको सम्मान गर्ने नीति लिईनेछ।

४. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा नीजि क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ।

५. विभिन्न संघ संस्था मार्फत यस गाउँपालिकाको पर्यटकीय, धार्मिक लगायत अन्य महत्वपूर्ण क्षेत्रहरुको पहिचान र प्रबर्द्धन गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

६. गाउँपालिका भित्रका संभावित पर्यटन क्षेत्रलाई वातावरणमैत्री बनाईंदै लगिनेछ।

७. पर्यटन क्षेत्रलाई विस्तार र विकास गर्न सामूहिक र निजी होमस्टेलाई प्रोत्साहन गरिनेछ।

८. पर्यटकीय सम्भावना गाउँपालिका भित्रका ऐतिहाँसिक तथा पुरातात्विक, साँस्कृतिक स्थानहरुको पहिचान र विकासमा जोड दिईनेछ।

९. पुरातात्विक महत्व बोकेको प्रथम शहिद लखन थापा मगरको किल्ला, प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरु मनकामना माईको मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमालयमाई मन्दिर अलाङ्दी माईको मन्दिर, भीमविरेश्वर महादेव, जलकन्या माईको मन्दिर, शहिद लखन गुफा, कोटकाली, थानीथान, सन्तानेश्वर महादेवको मन्दिर, मकैपुर बौद्धनाथ गुम्बाको गुरुयोजना अनुरुप योजना सञ्चालन गर्न विशेष पहल गरिनेछ। साथै उक्त पुरातात्विक धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरुमा पुग्ने सडक स्तरोन्नतिका लागि पहल गरिनेछ।

१०.यस गाउँपालिकाको वडा नं. ७ काहुले बुंकोटको शहिद लखन थापा किल्ला परिसरमा नेपालका प्रथम शहिद लखन थापा मगरले शहादत प्राप्त गरेको दिन फागुन २ लाई प्रथम शहिद लखन थापा स्मृती दिवस कार्यक्रम औपचारिक रुपमा मनाईंदै आएकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिँदै लैजाने नीति लिईनेछ।

११.हरेक बर्ष गुठी पञ्चमीको दिन वडा नं. २ र ३ मनकामनामा धार्मिक, सांस्कृतिक रुपमा मनाउँदै आएको गुठी पंचमी कार्यक्रमलाई आयोजना गर्न सहयोग गर्ने नीति लिइनेछ। साथै माघे संक्रान्तिमा घैरुङमा लाग्ने माघी पर्व, हरिवोधनी एकादशीमा भिमविरेश्वर महादेवमा लाग्ने मेला आयोजना गर्न सहयोग गर्ने नीति लिइनेछ।

१२.प्रथम शहिद लखन थापा मगरलाई राष्ट्रिय विभूति घोषणा गर्न आवश्यक पहल गरिनेछ। साथै उनीसँगै देश र जनताको लागि बलिदानि दिने महान् सपूतहरु जयसिंह चुमी राना मगर, विराज थापा मगर, जीतमान गुरुङ, अजपसिंह थापा मगर र जुठ्या थापा मगरलाई शहिद घोषणा गर्न र प्रथम जनविद्रोहको रुपमा कुराल राना मगर, कानु (कालु) लम्साल, सुकदेव गुरुङ, सुपति गुरुङ र सन्त ज्ञान दिल दासलाई सम्मानको लागि आवश्यक व्यवस्था र पहल गर्ने नीति लिइनेछ।

१३.राष्ट्रको तथा यस गाउँपालिकाको धरोहर मनकामना मन्दिरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न आवश्यक पहल गरिनेछ।

१४.ऐतिहाँसिक व्यक्तिहरुको जीवनीबारे खोज, अनुसन्धान तथा जानकारी सहितको पहिचानका लागि आवश्यक नीति लिइनेछ।

१५.स्थानि जातजातिहरुको भेषभूषा संस्कृतीको संरक्षण गर्न चेपाङ लगायत अन्य संग्रहालयहरुको स्तरोन्नति तथा निर्माण गरिनेछ।

१६.मनकामना, बक्रेश्वरी, तोरेनगढी, तिनमाने, चुलेभिर, लखन थापा स्मारक हुँदै गोरखा कालिका सम्मको पदमार्ग विकास गर्ने नीति लिइनेछ।

१७.शहिदलखन गाउँपालिकाको पर्यटकीय क्षेत्र चिनाउने उदेश्यले टुरिष्ठ गाइड तालिमको व्यवस्थापन गरिनेछ।

१८.धार्मिक पर्यटनलाई व्यवस्थित गर्न आवश्यक प्रचार प्रसार गरिनेछ।

१९.मुख्य स्थान, चोक र गाउँपालिका प्रवेशद्धारमा पर्यटकीय ऐतिहाँसिक क्षेत्रको परिचय झल्कने होडिङ बोर्ड राख्न पहल गरिनेछ।

२०.गाउँपालिका भित्र रहेका विभिन्न मठ मन्दिरको व्यवस्थापनको लागि कार्यविधी निर्माण गरिनेछ।

## ❖ घरेलु तथा साना उद्योग सम्बन्धी नीतिः

१. गाउँपालिका भित्रका बेरोजगार युवा तथा युवतीहरुलाई विभिन्न प्रकारका सीपमूलक तालिमहरु प्रदान गरी आत्मनिर्भर बन्न प्रोत्साहित गरिनेछ।

२. गाउँपालिकाले विभिन्न प्रकारका ड्राईभिङ, हाउस वायरिङ, प्लम्बर, सिलाइ बुनाइ, पेन्टिङ, सिकर्मी, डकर्मी, जस्ता सीपमूलक तालिमहरुको संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. गुन्द्री, चकटी, मान्द्रो, डोको, थुम्से बुन्ने, हलो, कुटो, कोदालो तयारी गर्ने जस्ता रैथाने परम्परागत स्थानीय सीपको विकास र प्रबर्द्धनमा जोड दिईनेछ।

४. स्थानीय र परम्परागत रुपमा कार्य गर्दै आइरहेका आरन, सिलाइ, बुनाइ तथा ढाका कपडा उत्पादन जस्ता कार्यलाइ घरेलु उद्योगको रुपमा विस्तार गर्दै लगिनेछ।

५. गाउँपालिका भित्रका अति गरिब, गरिब, एकल महिला, दलित, जनजाति, पिछडिएका वर्गहरु, बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु, कोभिडका कारण रोजगार गुमाएका व्यक्तिहरु बेरोजगार युवा तथा युवतीलाइ विभिन्न प्रकारका उत्पादनमूलक सीपमूलक, तालिमहरु प्रदान गरी आत्मनिर्भर हुन प्रोत्साहित गरिनेछ।

६. दिइएका तालिमहरुबाट व्यवसाय सञ्चालन गरी आफू स्वयम् रोजगार भएका तथा अरुलाइ समेत रोजगार दिएका उद्यमीहरुलाई थप प्रोत्साहन गर्न व्यक्तिगत तथा सामूहिक अनुदान प्रदान गरिनेछ।

७. परम्परागत सीपको प्रबर्द्धन गरि उक्त सीपहरुको आधुनिकीकरणमा जोड दिइनेछ।

८. उद्यमीहरुलाई व्यवसाय संचालन गर्नको लागि सहुलियतपूर्ण ऋणको लागि बैंकहरुसँग सहकार्य गरिनेछ।

९. विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्यमा सीपमूलक तालिम प्रदान गरी रोजगारीको अवसर सिर्जना गराइनेछ।

## ❖ आन्तरिक रोजगारी प्रबर्द्धन नीतिः

१. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई स्वदेशमा नै व्यवसाय सञ्चालन गरी स्वरोजगार हुन तथा रोजगारीका अवसरहरु सिर्जना गरी व्यवसाय सञ्चालन तथा विस्तारका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ।
२. गाउँपालिका भित्रका बेरोजगार युवाहरुलाइ निजी क्षेत्रसँगको साझेदारीमा रोजगारीमा आबद्ध गर्ने नीति लिइनेछ।
३. गाउँपालिकामा बोलपत्र मार्फत सञ्चालन हुने योजनाहरुमा आवश्यक अदक्ष कामदारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत व्यक्तिहरुलाई प्राथमिकतामा राखि काममा लगाउन आवश्यक पहल गरिनेछ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् पूर्वाधार विकासका कार्यहरु गर्दा आवश्यक निर्माण सामग्री खरिदका लागि बजेट साझेदारी गरिने नीति लिइनेछ।

## ❖ बैदेशिक रोजगार सम्बन्धी नीतिः

१. बैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित बनाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ।
२. बैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यहरुलाइ आय आर्जन तथा विप्रेषणलाई सहि क्षेत्रका लगानी गर्न वित्तिय साक्षरता कक्षा संचालनलाई निरन्तरता दिइनेछ।
३. बैदेशिक रोजगारीबाट सिर्जित विभिन्न सामाजिक समस्याहरु न्यूनिकरण गर्न मनोसामाजिक परामर्श कक्षा संचालनलाई निरन्तरता दिइनेछ।
४. बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वदेशमा बस्ने वातावरण निर्माण गर्न पुनः एकिकरण कार्यक्रम संचालन गरिनेछ।

## ❖ स्वास्थ्य नितिः

१. स्वास्थ्यलाई अत्यावश्यक क्षेत्रको रुपमा विकास गरि नेपालको संविधान २०७२ को धारा ३५ मा उल्लेख भएको स्वास्थ्यलाई मौलिक हक र अधिकारको रुपमा स्थापित गर्न तथा आधारभूत स्वास्थ्य सेवाको पहुँचलाई हरेक नागरिक सम्म पुऱ्याउन आधारभूत स्वास्थ्य केन्द्र ,सेटलाईट स्वास्थ्य सेवा विस्तार गरिनेछ।
२. गाउँपालिकामा एक जना चिकित्सक र फार्मासिस्ट ब्यवस्थापन गरि स्वास्थ्य बीमाको सेवाकेन्द्र सञ्चालन गर्ने नीति लिईनेछ।
३. गाउँघर क्लिनिक, खोप क्लिनिक र सेटलाईट क्लिनिकहरुका भौतिक पूर्वाधार तथा आवश्यक सामग्रीहरुको उचित ब्यवस्थापन गरी सेवा प्रवाहलाई थप प्रभावकारी वनाउने निति लिईनेछ।
४. गाउँपालिका भित्र स्थायी वसोवास गर्ने गर्भवति तथा सुत्केरी महिलाहरुको पोषण अवस्था सुधार गर्न नेपाल सरकारको प्रोटोकल अनुसारको परीक्षणसँगै पोषण प्याकेज उपलब्ध गराउने र गर्भावस्था तथा प्रसुति अवस्थामा हुन सक्ने जटिलतालाई न्यूनिकरण गर्न प्रत्येक गर्भवति महिलाको निःशुल्क स्वास्थ्य वीमा गर्ने निति लिईनेछ।

५. आगामी २ बर्ष भित्र २० बर्ष देखि ६० बर्ष उमेर समुहका गाउँपालिका भित्र बसोवास गर्ने सवै विवाहित महिलाहरुको पाठेघरको क्यान्सर तथा स्तन क्यान्सरको परीक्षण (VIA) गर्ने निति लिईनेछ।

६. नेपाल सरकारले स्वास्थ्य संस्थाहरुवाट निःशुल्क रुपमा वितरणको लागि प्रदान गर्ने औषधिहरुको साथ जेष्ठ नागरिकहरुले दैनिक रुपमा खाने दीर्घ रोगका औषधिहरु तथा मानसिक रोगका औषधिहरु निःशुल्क प्रदान गर्दै लैजाने निति लिईनेछ।

७. गाउँपालिका भित्रका नागरिकहरुलाई स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन हाललाई एक स्वास्थ्य संस्थाबाट फार्मेसी सेवाको प्रबन्ध मिलाईनेछ।

८. आँखा उपचार केन्द्रसँग समन्वय गरि प्रत्येक स्वास्थ्य संस्थावाट बार्षिक रुपमा आँखाको जाँच गर्ने र मोतिविन्दुको निःशुल्क सल्यक्रिया गर्ने ब्यवस्था गरिनेछ।

९. बर्थिङ सेन्टरवाट दिईने सेवालाई अझ प्रभावकारी वनाउन आवश्यक सामाग्रीहरुको ब्यवस्थापन र सुरक्षित सुत्केरी गराउने स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

१०. गाउँपालिका भित्रको सुनौला हजार दिनको आमा तथा बच्चा ,किशोरीहरु र ५ बर्ष मुनिका बच्चाहरुका कुपोषण अवस्था शुन्य वनाउन बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ।

११. सवै स्वास्थ्य संस्थाहरुमा आमाघर ब्यवस्थापन सहितको बर्थिङ्ग सेन्टर विस्तार गरि शुन्य होम डेलिभरिको निति लिईनेछ।

१२. स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्डको (HPMSS) निर्देशिका अनुसारको सवै पक्षलाई ब्यवस्थापन गरि गुणस्तरीय सेवा प्रदान गर्ने निति लिईनेछ।

१३. शहिद लखन गाउँपालिका भित्र वसोवास गर्ने सवै नागरिकहरुलाई आगामी ५ बर्ष भित्र स्वास्थ्य वीमामा आवद्ध गराउने र सिमान्तकृत दलित समुदाय ,अभिभावक विहिन बालबालिका, महिला सामुदायीक स्वास्थ्य स्वयम् सेविका ,जटिल मानसिक समस्या भएका, अति विपन्न नागरिकहरु ,नेपाल सरकारले १ लाख वरावरको उपचार सेवा प्रदाना गरेका रोगीहरुलाई ५० देखि १०० प्रतिशत सम्म अनुदानमा स्वास्थ्य विमा गर्ने निति लाई निरन्तरता प्रदान गरिनेछ।

१४. गाउँपालिका भित्रका सवै महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई आफ्नो कार्यक्षेत्रमा रुचि बढाउनका निमित्त थप सुविधा प्रदान गर्ने निति लिईनेछ।

१५. घरदैलो र टोल टोलमा गएर जेष्ठ नागरिकहरुलाई निःशुल्क औषधि सहितको स्वास्थ्य सेवालाई निरन्तरता प्रदान गरिनेछ।

१६. गैर सरकारी संघ संस्थासँग समन्वय गरि विशेषज्ञ घुम्ति शिविर मार्फत ४० बर्ष भन्दा माथिको सवै नागरिकहरुको नसर्ने रोगको स्क्रिनिङ गर्ने र समुदायमा नसर्ने रोग, मानसिक स्वास्थ्य र सरुवा रोगहरुको वारेमा स्वास्थ्य शिक्षा प्रदान गर्ने निति लिईनेछ।

१७. प्रतिकारात्मक सेवालाई थप प्रभावकारी वनाउन स्वास्थ्य सम्बन्धि विभिन्न विषयहरुको बारेमा वडामा रहेका स्वास्थ्यको कर्मचारीहरु र स्वास्थ्य शाखाद्धारा गाउँपालिका भित्रको सवै विद्यालयहरुमा स्वास्थ्य शिक्षा सञ्चालन गर्ने निति लिईनेछ।

१८. विद्यालय स्वास्थ्य समूह गठन गरि विद्यालय पोषण र सरसफाई प्रभावकारी वनाउने निति लिईनेछ।

१९. गाउँपालिका भरिका गर्भवति महिलाहरुलाई ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत सवै स्वास्थ्य संस्थाहरुमा मासिक रुपमा भिडियो एक्सरे सेवा प्रदान गर्ने र गर्भको अवधिभरमा सम्पूर्ण गर्भवति महिलाहरुलाई गर्भ सम्बन्धि प्रयोगशाला परिक्षण निःशुल्क गर्ने निति लिईनेछ।

२०. सवै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्थामा विस्तार गर्ने र किशोर किशोरीहरुको पोषणको अवस्था पत्ता लगाउन विद्यालयमै शारीरीक परिक्षण र रक्त अल्पताको लागि प्रयोगशाला परिक्षण गर्ने निति लिईनेछ।

२१. गर्भवति तथा सुत्केरी महिलाहरुलाई माथिल्लो संस्थामा प्रेषण गर्दा साथै स्वास्थ्य संस्थामा सुत्केरी हुन ल्याउँदा र सुत्केरी पश्चात लैजान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने निति लिईनेछ।

२२. आयुर्वेद स्वास्थ्यलाई थप प्रभावकारी वनाउन आयुर्वेद स्वास्थ्य शिविर, योग, ध्यान, स्थानीय जडीवुटीहरुको वारेमा समुदायलाइ प्रचारप्रसार गर्ने नीति लिईनेछ।

२३. स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्य कर्मचारीहरुको आवश्यकताको आधारमा क्षमता अभिबृद्दि गर्दै लैजाने निति लिईनेछ।

२४. आ व २०८२।०८३ भित्र सवै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था बनाउने निति लिईनेछ।

२५. गाउँपालिकालाई क्षयरोग मुक्त पालिका बनाउने नीति लिईनेछ।

## ❖ शिक्षा नीतिः

१. विद्यालयका शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले गाउँपालिकासँग विद्यार्थीको सिकाइ उपलब्धिसँग केन्द्रित कार्यसम्पादन करार सम्झौता गर्ने कार्यलाई निरन्तरता दिँदै सोको आधारमा उत्कृष्ट सिकाइ उपलब्धि भएका शिक्षक तथा विद्यालयलाई विषेश अनुदान तथा प्रोत्साहन गरिनेछ।

२. विद्यालयको पढाइसँगै सीपलाई जोड्नको लागि एक विद्यार्थी एक सीपको कार्यक्रम सञ्चालन गरिनेछ। उक्त सीपलाई दिवा खाजा कार्यक्रमलाई टेवा पुग्ने गरी विद्यालयलाई टनेल सहित व्यवसायिक खेती गर्नका लागि प्रोत्साहन गरिनेछ। साथै दिवा खाजालाई समुदायसँग जोड्नको लागि तथा स्थानीय खाद्यान्न तथा रैथाने बालीलाई प्रोत्साहित गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

३. स्थानीय आवश्यकतालाई सम्बोधन गर्नका लागि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन कार्य गरिनेछ।

४. गाउँपालिका भित्रका संभावना बोकेका केही सामुदायिक माध्यमिक विद्यालयहरुलाई क्रमशः आवासीय विद्यालयको रुपमा विकास गरिनेछ। यसका लागि उपयुक्त विद्यालयको छनौट गरि आवश्यक पूर्वाधार विकास गर्ने नीति लिइनेछ।

५. माध्यमिक तह र आधारभूत तहका विद्यार्थीको प्रतिभा पहिचान गर्न नवीन प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।

६. सबै विद्यालयका बालकक्षाहरुलाई भौतिक तथा शैक्षिक सामग्रीहरुको पर्याप्त उपलब्धतालाई विशेष ध्यान दिइनेछ साथै बाल विकास सहजकर्ता नभएका विद्यालयमा स्वयम् सेवक शिक्षक खटाउने कार्यलाई निरन्तरता दिइनेछ।

७. समुदाय स्तरमा ३-४ वर्षका बालबालिका १० जना भन्दा बढी भई समुदाय स्तरमा बालकक्षा सञ्चालन गर्न आवश्यकता देखिएमा स्वयम् सेवक शिक्षक व्यवस्थापन गरिनेछ।

८. विद्यालयको सिकाइ उपलब्धी उच्च बनाउन विद्यालयको प्रस्तावनाका आधारमा मूल्याङ्कन गरी नव प्रवर्द्धनात्मक कार्य गर्नलाई विद्यालयहरुलाई अनुदान दिने व्यवस्था मिलाइनेछ।

९. दलित, सीमान्तकृत तथा आर्थिक रुपमा अति विपन्न परिवारका मेधावी विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१०.विषयगत क्षमता विकास तालिम (पाठ्यक्रम प्रवोधीकरण, IEMIS व्यवस्थापन, विव्यस अध्यक्ष तथा प्रअको व्यवस्थापन क्षमता अभिवृद्दि, गणित, अङ्ग्रेजी, सामाजिक, विज्ञान, नेपाली तथा कम्प्युटर विषयका शिक्षकहरुलाई विषयगत तालिम, प्रधानाध्यापकलाई प्रविधि मैत्री तालिम , पुस्तकालय तथा विज्ञान प्रयोगशाला व्यवस्थापन तालिम, प्रश्न निर्माण कार्यशाला , बाल विकास सहजकर्ताका लागि सामग्री निर्माण कार्यशाला आदी ) मागको आधारमा सञ्चालन गरिनेछ।

११.अनुगमन प्रणालीलाई प्रभावकारी रुपमा सघन तथा नियमित रुपले सञ्चालन गरिनेछ।

१२.विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँगको साझेदारीमा सम्पुर्ण प्रारम्भिक बालविकास कक्षाहरुलाई सुधार गरिनेछ

१३.सबै विद्यालयहरुलाई क्रमशः प्रविधिसँग जोड्न एक विद्यालय एक ल्यापटप तथा प्रिन्टर्स वितरण कार्यक्रम लागू गर्दै लगिनेछ।

१४.तथ्याङ्कलाई विश्वसनीय र भरपर्दो बनाउन IEMIS अद्यावधिक गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै विद्यालयलाई थप प्रावधिक क्षमता विकासको अवसर सिर्जना गरिनेछ। गाउँपालिकाको शैक्षिक तथा व्यवस्थापकीय योजना निर्माण र अन्य प्रशासनिक कार्यमा शैक्षिक तथ्याङ्कलाई प्रयोग गरिनेछ।

१५.गाउँपालिका भित्र वा वाहिरका कुनै विद्यालयमा सञ्चालन गरिने विशेष कार्यक्रमहरुलाई गाउँपालिका भित्रका सबै विद्यालयमा कार्यान्वयनमा ल्याउन असल अभ्यास आदान प्रदान तथा आन्तरिक शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१६.प्राथमिक तहका बालबालिकाको आधारभूत साक्षरता सीप अभिवृद्दिका लागि साक्षरता कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिनेछ।

१७.विद्यालयहरुलाई मासिक रुपमा सकारात्मक चिन्तन, सामाजिक मूल्य मान्यता तथा नैतिक व्यवहार सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।यस प्रकारका उत्प्रेरणात्मक कक्षाहरु गाउँपालिकाको आन्तरिक शाखाहरुको सहकार्यमा सञ्चालन गरिनेछ।

१८.निजी विद्यालयका विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गराउन प्रोत्साहित गर्ने विद्यालयहरुलाई प्रति विद्यार्थीका आधारमा अनुदान दिने व्यवस्थालाई यस आवमा समेत निरन्तरता दिइनेछ।

१९.विद्यार्थीमा अन्तरनिहित क्षमता अभिवृद्धि गर्न , शैक्षिक गुणस्तरमा बढोत्तरी गर्न तथा उनीहरुमा रहेको सामाजिक चेतका बारेमा अन्तरक्रिया गर्न अध्यक्षसंग विद्यार्थी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०.गाउँपालिका भित्र स्थायी वसोबास गर्ने आफ्ना अभिभावक गुमाएका अनाथ, असाहाय तथा टुहुरा बालबालिकाको तथ्याङ्क अभिलेखीकरण गरी उनीहरुको वाँच्न तथा लेखपढ गर्न पाउने अधिकारको सुनिश्चितता गरिनेछ।

२१.गाउँपालिका भित्रका सबै विद्यालयहरुलाई बालमैत्री विद्यालयको रुपमा विकसित गरिनेछ।

२२.बालबालिकाहरुको सिकाइ उपलब्धी बृद्दि गर्न र त्यसलाई दीगो रुपमा स्थापित गर्न स्तर मापन परीक्षा सञ्चालन गरिनेछ। साथै मूल्याङ्कन पद्दतिलाई व्यवस्थित र विश्वसनीय वनाउन गाउँपालिका स्तरीय परीक्षा सञ्चालनलाई अझ प्रभावकारी बनाइनेछ।

२३.विद्यालयहरुलाई भौतिक रुपमा सम्पन्न गरी शैक्षिक सुधारमा थप आयाम कायम गर्न विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याव स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४.गाउँपालिका अन्तरगतका विद्यालयहरुमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ।

२५.विद्यार्थीको प्रतिभाको पहिचान, कदर तथा विकास गर्न खेलकुद प्रतियोगिता आयोजना गर्ने र उक्त प्रतियोगिता शहिद लखन गाउँपालिका स्तरीय रुपमा सञ्चालन गरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको तयारीका रुपमा विकसित गरिनेछ।

२६.गाउँपालिका भित्र सञ्चालनमा रहेका पूर्वाधारयुक्त विद्यालयहरुलाई आवश्यकता र औचित्यका आधारमा प्राविधिक शिक्षा सञ्चालनमा गर्नमा जोड दिंदै लैजाने नीति अवलम्बन गरिनेछ।

२७.आधारभूत तह अनिवार्य र निःशुल्क भनी संघीय सरकारबाट भएको घोषणा कार्यान्वयन गर्न यस गाउँपालिकाले विशेष कार्यक्रम सञ्चालन गर्नेछ।

२८.विद्यालयका विद्यार्थीहरुवीच सामजिक भावनाको विकास गराउन सदनात्मक, रेडक्रस तथा स्काउट जस्ता कार्यक्रम सन्चालन गर्न विद्यालयलाई प्रेरित गरिनेछ।

२९.कक्षा ५, ८ र SEE परीक्षमा उच्च सिकाइ उपलब्धी हाँसिल गर्न सक्षम शिक्षकहरुलाई, ३.६ भन्दा धेरै जिपिय सहित उत्तीर्ण गर्ने सामुदायिक विद्यालययका विद्यार्थीहरुलाई प्रोत्साहित गरीनेछ।

३०.यस गाउँपालिकामा स्थायी बसोबास गरी गोरखा क्याम्पस, द्रव्यशाह क्याम्पस, सर्वशान्ति माध्यमिक विद्यालय तथा रामशाह माध्यमिक विद्यालय र आँबुखैरेनी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रोत्साहनमूलक व्यवस्था गरिनेछ।

३१.विद्यालयलाई हरियालीयुक्त विद्यालय बनाउने कार्यक्रमलाई निरन्तरता दिंदै विद्यालयमा अम्रिसो असुरो सिमलि जस्ता बहुप्रयोगमा आउने र पर्यावरणलाई समेत फाइदा पुऱ्याउने प्रकारका वृक्षारोपण कार्यक्रममा उत्पादन दिने खालका बिरुवा रोपणमा विशेष ध्यान दिइनेछ।

३२.सामुदायिक विद्यालयको सर्वाङ्गिण विकासका साथै आफ्नो बालबालिकालाई नियमित विद्यालय जान प्रोत्साहन गर्ने उत्कृष्ट अभिभावकलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३३.शिक्षकहरुको विषयगत समितिलाई सक्रिय बनाउँदै सहपाठि शिक्षक शिक्षण तथा अनुभव आदानप्रदानको अवसर प्रदान गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।

३४.अपुरा विद्यालय भवन पुरा तथा अपुग कक्षाकोठा थप गर्दै लगिनेछ।

### ❖ युवा तथा खेलकुद नीतिः

१. गाउँपालिका स्तरको खेल मैदान निर्माण गरिनुका साथै गाउँटोल स्तरमा पनि सम्भाव्यता अध्ययन गरी एक वडा एक खेल मैदानको निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।
२. गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरी गाउँपालिका स्तरीय प्रतिभा पहिचान तथा प्रदर्शनको अवसर प्रदान गरिनेछ।
३. ***स्वास्थ, र अनुशासनका लागि खेलकुद*** भन्ने नाराका साथ युवाहरुलाई खेलप्रति आकर्षित गर्दै युवाहरुमा हुन सक्ने नकरात्मक भावनाको अन्त्य गरी समाजप्रति समर्पित भावनाको विकास गराउने नीति लिइनेछ।
४. प्रथम शहिद लखन थापा मगरले शहादात प्राप्त गरेको दिन र स्थानमा खेलकुद कार्यक्रमको आयोजना गरिनेछ।
५. युवालाई खेल क्षेत्रप्रति आकर्षण गर्न विभिन्न संघ संस्थाहरुले आयोजना गर्ने विभिन्न खेलहरुमा सहभागी हुने वातावरण मिलाइनेछ।
६. युवाहरुलाई स्वरोजगार तथा उद्यमशिल बनाउन समय सापेक्ष सीपमूलक तालिमको व्यवस्था गरिनेछ। साथै परम्परागत रुपमा गर्दै आएका तर लोपोन्मुख कतिपय कला संस्कृति झल्कने प्रविधि संरक्षणमा युवालाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
७. श्रमजीवि युवाहरुको पहिचान गरी रोजगार मूलक कार्यक्रममा आवद्ध गरिनेछ।
८. खेलकुदको माध्यमबाट स्थानीय पर्यटनलाई टेवा पुऱ्याउनको लागि खेलकुद प्रतियोगिता सञ्चलान गरिनेछ।
९. युवा तथा खेलकुद समिति निर्माण गरि युवाहरुलाई खेलप्रति आकर्षित गर्ने नीति लिइनेछ।
१०.युवाहरुलाई राष्ट्रिय योग्यता प्रारुप बमोजिम सिप प्रमाणिकरणसँग जोड्न आवश्यक कार्य गरिनेछ।
११.गाउँपालिका स्तरीय युवा तथा खेलकुद समिति गठन गरी गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रमलाइ व्यवस्थित गरीनेछ।

## ❖ सामाजिक विकास तथा समाज कल्याण नीतिः

१. गाउँपालिका क्षेत्रमा बसोबास गर्ने पिछडिएका वर्ग समुदाय, जेष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्ग, महिला तथा बालबालिकाको सशक्तिकरण र सामाजिक तथा आर्थिक रुपमा समतामूलक विकासका लागि लक्षित गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।
२. आदिवासी, जनजाति, दलित, सिमान्तकृत तथा अल्पसंख्यक समुदायको रैथाने सीप, पेशा, व्यवसाय, भेषभुषा तथा संस्कृतिको संरक्षण तथा प्रवर्धनात्मक कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
३. बालबालिकाहरुको अधिकार संरक्षण, सुरक्षा र सम्भावनाहरुको विकासमा लगानी गरिनेछ।
४. किशोर किशोरीहरुमा देखा परेको लागू पदार्थको दुर्व्यसनी नियन्त्रणका लागि पहल गरिनेछ।

५. महिला हिंसा तथा यौनजन्य हिंसाका घटना नियन्त्रणका लागि प्रवर्धनात्मक र निरोधात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
६. व्यवसायिक रुपमा उद्यम सञ्चालन गरिरहेका नागरिक सचेतना केन्द्रहरु तथा महिला समूहहरुको क्षमता विकास तथा उद्यमशीलता विकास तर्फ प्रोत्साहित गरिनेछ।
७. एकल महिलाहरुलाई लक्षित गरी सीप विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम तथा वित्तीय साक्षरताका कार्यक्रमहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।
८. एकल महिलाहरुद्वारा सञ्चालित उद्यम व्यवसायको प्रवर्द्धनको लागि अनुदानको व्यवस्था गरी व्यवसाय विस्तार गर्नका लागि प्रेरित गरिनेछ।
९. लैंगिक हिंसा तथा यौनजन्य हिंसा पीडित व्यक्तिहरुको सुरक्षा, संरक्षण र सामाजिकीकरणमा सहयोग गर्न लैंगिक हिंसा निवारण कोष सञ्चालनमा ल्याई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१०. गाउँपालिका भित्रका दलित, जनजाति, सीमान्तकृत, अल्पसंख्यक तथा आर्थिक रुपमा विपन्न परिवारका नागरिकहरु मध्येबाट तोकिएको मापदण्डको आधारमा मेधावी विद्यार्थीहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि सहजीकरण गर्ने उद्देश्यले लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी अनुदान प्रदान गरिनेछ।
११. अपाङ्गता भएका व्यक्तिहरुका लागि आय आर्जन प्रवर्द्धन, सीप विकास, सहायता सामग्री वितरण तथा साझेदारी कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ।
१२. लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको अधिकार तथा स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१३. मानसिक तनाव तथा सामाजिक आर्थिक दबाबका कारण बढ्दो आत्महत्याको क्रमलाई रोक्न लक्षित क्षेत्र तथा समुदायमा मानसिक परामर्श तथा वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१४. उपभोक्ता अधिकारको संरक्षणका लागि नियमित बजार अनुगमन तथा उपभोक्ता जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
१५. स्तनपान गराउने महिलाहरुको सुविधा तथा बालबालिकाको स्तनपान गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न गाउँपालिका अन्तर्गतका हरेक कार्यालयमा सेवाग्राहीमैत्री छुट्टै स्तनपान कक्षको व्यवस्था गरिनेछ।
१६. गाउँपालिकाभित्रका अनाथ तथा असहाय बालबालिकाहरुको पालन पोषण तथा संरक्षणको दायित्व गाउँपालिकाले बहन गर्ने नीति लिइनेछ।
१७. गाउँपालिकाभित्रका सबै नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

## ❖ राजश्व सम्बन्धी नीतिः

१. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवं आत्मनिर्भर बनाउन

राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गरिनेछ।

२. “शहिद लखन समृद्धिको लागि नियमित तिरौं कर तिरेको कर विकास मार्फत फर्किन्छ घर घर” भन्ने मान्यताका साथ करदाता शिक्षा कार्यक्रम साथै राजश्व संकलन सम्बन्धी जनचेतनामूलक एवम् अन्तरक्रिया कार्यक्रम र घुम्ती सेवा संचालनमा जोड दिइनेछ।

३. यस गाउँपालिकाको कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउनका लागि करको दायरालाई विस्तार गर्दै स्वःघोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक आम्दानीको क्षमता अभिवृद्धि गरिनेछ।

४. राजश्व संकलनलाई वृद्धि गर्न भूमि तथा सम्पत्ति करलाई अनिवार्य बनाई त्यसको आधारमा गाउँपालिकाले प्रदान गर्ने सेवा नियमन गर्ने नीति लिइनेछ।

५. व्यवसाय कर प्रणालीलाई सरल एवं उद्देश्यमूलक तुल्याउन विस्तृत कार्यनीतिहरु सहितको व्यवसाय कर सुधार योजनाको विकास तथा करका दायरालाई विस्तार गर्न तथा सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन घुम्ती दर्ता शिविर सञ्चालन गरिनेछ।

६. चालु आ.व को पहिलो चौमासिक भित्र सम्पत्ति तथा भूमि कर तिर्ने करदाताहरुलाई १० प्रतिशत छुटको व्यवस्था गर्ने र पहिलो चौमासिक पश्चात गाउँपालिकाबासी नागरिकहरुले गाउँपालिका र मातहतका कार्यालय मार्फत सेवा लिनु पर्दा अनिवार्य रुपमा सम्पत्ति तथा भूमि कर तिरेको प्रमाण पेश गर्नुपर्ने नीति लिइनेछ।

७. हरेक आर्थिक वर्षमा व्यवसाय कर, बहाल कर, सम्पत्ती र भूमि कर तिर्ने करदाताहरु मध्ये सबैभन्दा बढी कर तिर्ने एक, एक जना करदाताहरुलाई पुरस्कार सहित सम्मान गर्ने नीति लिइनेछ।

८. सम्पत्ति मूल्याङ्कन गर्दा ३ करोडसम्मको मूल्याङ्कनमा ०.५ प्रतिशत कर लाग्ने तथा सो भन्दा बढीको मूल्याङ्कन कार्य गर्दा शुरुको ३ करोडको ५० पैसा र थप हुन आउने मूल्याङ्कन रकममा थप १ रुपैंया (प्रति हजारमा) सम्पत्ति मूल्याङ्कन कर लाग्ने नीति लिइनेछ।

९. राजश्व सुधार कार्ययोजनालाई कार्यान्वयन गरिनेछ।

१०. गाउँपालिका अन्तर्गत वडाहरुलाई प्रोत्साहन गर्ने वातावरणका साथ निश्चित मापदण्ड निर्धारण गरी सबैभन्दा बढी राजश्व संकलन गर्ने वडालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

११. कर प्रणालीलाई व्यवस्थित गर्न आवश्यक र आधुनिक प्रविधिको प्रयोग गरी सूचना प्रविधिमैत्री बनाउन स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली सुत्र राजश्व मोडेलको प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

### ❖ सूचना प्रबिधि सम्बन्धि नीतिः

१. गाउँपालिका क्षेत्रभित्र रहेका साँस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने नीति लिइनेछ।

२. कागज रहित सरकारको अवधारणालाई मूर्तरुप दिन र सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन एकीकृत कार्यालय व्यबस्थापन प्रणाली सम्बन्धी सफ्टवेयर (Software) प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

३. जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी आधारभूत तालिम र अभिमुखीकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो, चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न कार्यक्रम संचालन गरिनेछ।

४. ईन्टरनेटको व्यापक प्रयोगसँगै सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा साईवर सुरक्षा (Cyber Security) को आवश्यकता अझ बढ्दै गएकाले साईवर सुरक्षा तथा इन्टरनेट अभिभावकत्व (Internet Parenting) सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

५. सामाजिक सञ्जालको बढ्दो प्रयोग सँगै सामाजिक सञ्जाल सञ्चालन, चुनौती र सम्भावनाबारे जनचेतना अभिवृद्धि कार्यक्रम गरिनेछ।

६. शिक्षा, स्वास्थ्य, कृषिमा श्रेत्रमा सूचना प्रविधिको प्रयोग गरी उक्त क्षेत्रको क्षमता तथा गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।

७. कार्यालयको कम्प्युटर प्रणाली सम्बन्धी दैनिक क्रियाकलापहरु सुचारु रुपमा सञ्चालन भएको सुनिश्चत गरिनेछ।

८. गुनासो व्यवस्थापनलाई लागि सूचना प्रविधिसँग जोड्दै फोन, इमेल, Website आदिमा प्राप्त हुने गुनासोहरुलाई समेत सम्बोधन गर्ने नीति लिइनेछ।

९. **विकासको आधार सूचना तथा सञ्चार**लाई सफलीभूत पार्न सूचनामा नागरिकको सरल एवं सहज पँहुच विकास तथा विस्तारका लागि गाउँपालिकाको वेभसाइट, सामाजिक सञ्जाल, अनलाईन मोनिटरिङ्ग प्रणाली, विद्यालय सूचना व्यवस्थापन प्रणाली लगायतका आधुनिक सूचना प्रणालीको प्रयोग तथा विस्तारलाई प्राथमिकता दिई उपयोग गर्ने नीति लिइनेछ ।

१०. **कोख देखि शोकसम्म गाउँपालिका**को मान्यता बमोजिम सामजिक सुरक्षा र व्यक्तिगत घटना दर्तालाई थप प्रविधिमैत्री बनाउन Biometric Verification प्रणालीको अवलम्बन गरी व्यक्तिगत घटना दर्ताको प्रविधिमैत्री यथार्थ परक व्यवस्थापन गर्ने नीति लिइने छ ।

११. हाजिरीलाई नियमित व्यवस्थापनका लागि नेपाल सरकारले प्रयोगमा ल्याएको Centralized E-Attendance प्रणालीलाई गाउँपालिका कार्यालय, स्वास्थ्य संस्थाहरु र वडा कार्यालयहरुमा उपयोगमा ल्याइसकिएको छ ।आगामी दिनहरुमा यसलाई थप व्यवस्थित गरी गाउँपालिकाभित्रका विद्यालयहरुमा समेत विस्तार गर्दै लाने नीति लिइनेछ ।साथै नेपाल सरकारको डोमेन सहितको इमेलको प्रयोगलाई विद्यालयहरुमा समेत विस्तार गर्ने नीति लिइनेछ ।

## ❖ सूशासन तथा संस्थागत क्षमता विकास सम्बन्धि नीतिः

१. गाउँपालिकामा सेवा प्रवाह सञ्चालन केन्द्रको स्थापना गरी One Door Policy को अवधारणा बमोजिम Faceless Public Service Delivery को व्यवस्था मिलाइनेछ।

२. राजश्व संकलनमा गरेको प्रयास तथा विभिन्न सूचकका आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने वडालाई कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउने नीति लिइनेछ।

३. सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, हेल्प डेस्क, मेलमिलाप केन्द्र र विद्युतीय नागरिक बडापत्रको व्यवस्था गरिनेछ।

४. गाउँपालिकाको नीति, नियम र कानुनको प्रभावकारी कार्यान्वयन गराउन नगर प्रहरीको व्यवस्थापन गर्ने नीति लिइनेछ।

५. अनलाइन रिपोर्टिङ व्यवस्थापन प्रणाली अवलम्वन गरी प्रगती विवरण सार्वजनिक गर्ने नीति लिइनेछ।

६. वस्तुगत मूल्याकंनको आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरी कर्मचारी उत्प्रेरित गर्ने नीति लिइनेछ।

७. उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुले गाउँपालिका अध्यक्षसँग, वडा सदस्यहरुले वडा अध्यक्षसँग र कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग कार्य सम्पादन सम्झौता गरी प्रभावकारी कार्य सम्पादनमा जोड दिने नीति लिइनेछ।

८. सार्वजनिक खर्च विनियोजन दक्षता तथा कार्यान्वियन क्षमतामा सुधार गरी मितव्ययिता कायम गर्ने नीति लिइनेछ।

९. मालपोत तथा नापी सम्बन्धी आधारभूत सेवा स्थानीय तहबाटै एकीकृत रुपमा प्रदान गर्ने राष्ट्रिय नीति बमोजिम उक्त कार्यलाई सरलीकरण तथा सहजीकरण गरी सार्वजनिक सेवाको क्षेत्रलाई विस्तार गर्ने नीति लिइनेछ।

१०.बजार अनुगमनलाई व्यवस्थित तथा प्रभावकारी बनाई गुणस्तरीयता तथा उपभोक्ता हितको संरक्षण गर्ने नीति लिइनेछ।

११.संघ, प्रदेश तथा अन्तर स्थानीय तह समन्वय तथा सहकारितालाई विशेष प्राथमिकता दिई प्राप्त निर्देशन, कार्यदिश तथा असल अभ्यासलाई अनुशरण गरी प्रभावकारी र पारदर्शी सार्वजनिक सेवा प्रवाहको नीति लिइनेछ।

१२.सञ्चार तथा सूचना प्रविधिको प्रयोग मार्फत सूचनाको पहूँचमा वृद्धि गरी पारदर्शिता र सुशासन कायम गर्ने नीति लिइनेछ।

१३.गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको सूचना प्रविधिमैत्री र नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ। सञ्चालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रगति प्रतिवेदन जस्ता नियमनकारी कार्य मार्फत पारर्दशिता र सुशासन कायम गर्ने नीति लिइनेछ।

१४.विषयगत समितिलाई सक्रिय बनाई योजना निर्माण तथा कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्ने वातावरण सिर्जना गर्ने नीति लिइनेछ।

## सडक तथा यातायात नीतिः

१. गाउँपालिका स्तरीय यातायात गुरु योजना र आवधिक योजना अनुरुप सडकहरुलाई स्तरोन्नति गर्ने कार्यलाई बार्षिक योजना तर्जुमा कार्यसंग आवद्ध गरिनेछ।

२. गाउँपालिका स्तरीय गौरवको आयोजना सञ्चालनलाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ।

३. जथाभावी नयाँ सडक खन्ने कार्यलाइ निरुत्साहित गर्ने नीति लिइनेछ।

४. दीगो तथा विपद उत्थानशील सडक तथा सडक संरचना निर्माणमा जोड दिइनेछ।

५. सडक मापदण्ड अनिवार्य रुपमा लागू गरी वस्ती तथा सडक क्षेत्रलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

६. RMTMP मा समावेश भएका मुख्य सडक A श्रेणीलाई कालोपत्रे गर्ने र B श्रेणीका सडकहरुलाई गुणस्तरीय ग्रावेल गर्ने साथै अन्य सडकलाई स्तरोन्नति गर्ने नीति लिइनेछ।

७. गाउँपालिकालाई  पृथ्वीराजमार्गसँग सिधै जोड्नको लागि त्रिशुली नदीमा मोटरेवल पुल निर्माणको लागि आवश्यक पहल गरिनेछ।
८. सडक निर्माणबाट सिर्जित पहिरो तथा भूक्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधिको प्रयोगमा जोड दिइनेछ।
९. मुख्य सडक, बजार क्षेत्र, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक तीर्थ स्थलहरुमा सडक बत्तीको व्यवस्थाका लागि पहल गरिनेछ।
१०.सडक छेउछाउ वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गर्ने नीति लिइनेछ।
११.गाउँपालिका केन्द्रदेखि जिल्ला सदरमुकामसम्म पक्की सडक विस्तार र वडा कार्यालयसम्मको सडक कालोपत्रे गर्ने नीति लिइनेछ।

## ❖ भवन नीतिः

१. नक्सापास सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी प्रविधिमैत्री नक्सापास व्यवस्थापनको नीति लिइनेछ।
२. सडक मापदण्ड र भवन मापदण्ड अनुरुप अनिवार्य रुपमा नक्सापास गरेर मात्रै घर संरचना निर्माण गर्ने र वस्ती तथा सडक क्षेत्रलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।
३. गाउँपालिका भित्रका सम्पूर्ण घर अभिलेखीकरण व्यवस्थापन गर्ने नीति लिइनेछ।

## ❖ उपभोक्ता समिति सम्बन्धि नीतिः

१. उपभोक्ताहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने, तत्काल रोजगारी सिर्जना गर्ने र आय आर्जन बृद्दि गर्न योगदान  पुऱ्याउने योजना कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गरिने नीति लिइनेछ।
२. योजना संचालन संबन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ।
३. जनप्रतिनिधि तथा नेपाल सरकारको वेतनभोगी कर्मचारी, शिक्षकहरुलाई  उपभोक्ता समितिमा रहन नमिल्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
४. रु २ लाख सम्मका योजना वडा कार्यालयबाटै सम्झौता गर्ने व्यवस्था मिलाइनेछ।
५. रु ५ लाख सम्मका योजनामा उपभोक्ता समितिको श्रम सहभागिता १० प्रतिशत र ५ लाख भन्दा बढी रकम विनियोजन भएका योजनाहरुमा उपभोक्ता समितिको ५ प्रतिशत लागत सहभागिता र ५ प्रतिशत श्रम सहभागिता गराउने नीति लिइनेछ।
६. उपभोक्ता समितिहरुले सञ्चालन गरेका कुनै पनि आयोजना तथा कार्यक्रम सम्पन्न पस्चातको संरक्षण तथा मर्मत सम्भारको लागि सम्बन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति अवलम्बन गरिनेछ।

## ❖ विकास सम्बन्धी नीतिः

१. गाउँपालिकाको समपुरक कोष कार्यविधि ,२०७७ ले निर्धारण गरेको प्राथमिकताको अनुपातलाई मध्यनजर गर्दै उत्पादनमुखी, दीगो विकासको लक्ष्य अनुरुप विकासात्मक कार्यलाई अघि बढाउने नीति लिइनेछ।
२. गाउँपालिकाको आवधिक योजना र मध्यकालिन खर्च संरचनामा उल्लिखित योजना तथा कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिइनेछ।

## ❖ विद्युतीकरण सम्बन्धी नीतिः

१. गाउँपालिका भित्रका विद्युत प्रशारण लाइनलाई व्यवस्थित गर्ने नीति लिइनेछ।
२. वैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

## ❖ सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता नीतिः

१. गाउँपालिकामा जन्म दर्ता दर शत प्रतिशत बनाउन स्वास्थ्य संस्था र वडा कार्यालयबीच समन्वयमा स्वास्थ्य संस्थामा शिशुको जन्म भए पश्चात् वडा कार्यालयमा जन्म दर्ता गर्न तथा अन्य व्यक्तिगत घटना दर्तामा वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
२. गाउँपालिका भित्रका असहाय, अशक्त, अपाङ्ग र जेष्ठ नागरिक जस्ता सामाजिक सुरक्षा लाभग्राहीहरुको बैंक खाता रहेको बैंक तथा वित्तीय संस्थाहरुसँगको सहकार्य तथा सहयोगमा सम्बन्धित टोल बस्तीहरुमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।
३. मृत्यु संस्कारमा जनप्रतिनिधि तथा कर्मचारीहरु उपस्थित हुदाँ मृत्यु दर्ता गर्नका लागि जानकारी गराई समयमा नै मृत्यु दर्ता गरी व्यक्तिगत घटना दर्ताको विवरण अध्यावधिक गर्ने नीति लिइनेछ।
४. टोलस्तरमा नै व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा दर्ता शिविर कार्यक्रम मार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षामा पहुँच अभिवृद्धि गर्न कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।
५. घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गराउन तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ताका लागि नाम दर्ता गर्न तथा घटना दर्ताको महत्वबारे सूचना सञ्चार गर्न सामाजिक सञ्जाल र सूचना प्रविधिको प्रयोग गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।
६. सामाजिक सुरक्षा भत्ता वितरणको क्रममा बैंकमा लाभग्राहीहरुको भिडलाई कम गर्न तथा समयमा नै रकम उपलब्ध गराउन सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीहरुको खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

## ❖ न्यायिक सम्पादन नीतिः

१. न्यायिक निरुपण सम्बन्धी कामकाजलाई प्रविधिमैत्री बनाई विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरी विवादहरुको वर्गीकरण गरी अद्यावधिक गरिनेछ।
२. गाउँपालिकाको न्याय प्रणालीलाई निष्पक्ष, स्वतन्त्र, पहुँचयोग्य, सक्षम तथा कानुनी राज्यको अवधारणा लगायतका मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध गाउँपालिका निर्माण गर्न प्रयत्न गरिनेछ।
३. न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको मासिक वा आवश्यकतानुसार बैठकको सञ्चालन गरी कार्ययोजना अनुरुप क्रियाकलाप तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।
४. विवाद निरुपणका लागि मिलापपूर्ण शैली (Collaborating Strategy) अवलम्बन गरी दुवै पक्षको Win Win को अवस्थाका लागि प्रयास गरिनेछ।
५. समाजमा हुने विवाद तथा द्वन्द्व न्यूनिकरण तथा रोकथामका लागि नागरिक समाज, राजनीतिक दल, गैर सरकारी संस्थाहरुको सहयोगमा आवश्यकता बमोजिम सचेतना तथा मेलमिलाप सम्बन्धी कार्यक्रमको सञ्चालन गरिनेछ।

६. पिछडिएको तथा उत्पीडनमा परेकाहरुलाई सकरात्मक विभेद तथा समानुपातिक प्रतिनिधित्व गराई सबै खाले विभेद, हिंसा र शोषणको अन्त्यका लागि संकल्प गर्दै न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति अवलम्बन गरिनेछ।
७. विवाद निरुपणमा संग्लन मेलमिलापकर्ताहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
८. विद्यार्थी, ज्येष्ठ नागरिक, श्रमिकसँग न्यायिक समिति कार्यक्रम सञ्चालन गरी उत्पीडन तथा विभेद विरुद्ध न्यायिक निरुपणका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ।
९. प्रत्येक वडाहरुमा रहेका मेलमिलापकेन्द्रहरुलाई व्यवस्थित गरी निवेदन दर्ताको प्रक्रियालाई एकीकृत तथा न्यायिक निरुपणलाई थप व्यवस्थित तथा सहजीकरण गर्ने नीति लिइनेछ ।
१०. **नबस्नु अन्यायमा चुप, बढ्नुपर्छ न्यायिक समितिमा निवेदन दिनलाई मुभ** भन्ने नाराका साथ अन्याय तथा उत्पिडनमा परेका श्रमिक, वृद्धवृद्धा, असाह्य, अशक्त नागरिक तथा जनचेतना बृद्धि गर्न विद्यार्थीहरुलाई समेत लक्षित गरी न्यायिक निरुपण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

## ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीतिः

१. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्न वन श्रोतको दिगो व्यवस्थापन गरिनेछ।
२. वन क्षेत्रको संरक्षण र बहुआयामिक उपयोग गर्ने नीति लिइनेछ।
३. फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रुपमा विकास गरिनेछ।
४. कार्बन उत्सर्जन न्यूनिकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुऱ्याउन आवश्यक कार्यक्रम तय गरिनेछ।
५. वन क्षेत्रको अध्ययन, अनुसन्धान तथा सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता अभिबृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
६. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको व्यवस्था मिलाइनेछ।
७. सार्वजनिक जग्गाहरुको संरक्षण गर्न आवश्यक पहल गरिनेछ साथै खाली जग्गाहरुमा वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
८. भू-क्षय तथा पहिरो नियन्त्रणको लागि बायो-ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरिनेछ।
९. बाढी, पहिरो, भू-क्षय (जोखिम, मध्यम जोखिम, उच्च जोखिम) को क्षेत्रगत अध्ययन, पहिचान, न्यूनीकरण तथा व्यवस्थापनको लागि योजना निर्माण गरिनेछ।
१०.स्थानीय विपद् पूर्वतयारी गरी तथा विपद प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ।
११.नदी, खोला, खानी को दिगो उपयोग तथा व्यवस्थापनका लागि IEE/EIA प्रतिवेदन तयार गरिनेछ।
१२.विपद् तथा प्रकोपको रोकथाम तथा न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि गरी वातावरण तथा दीगो विकास मैत्री विकास अवधारणालाई कार्यान्वयन गर्ने नीति लिइनेछ।

१३.नीजि क्षेत्र, गैर सरकारी संस्था तथा सामाजिक संस्था, राजनीतिक दल, नागरिक समाज लगायत अन्य सरोकारवाला पक्षसँगको साझेदारी तथा सहकार्यमा विपद् न्यूनीकरण तथा रोकथाम कार्य अगाडि बढाउने नीति लिइनेछ।

१४.विपद् प्रतिकार्य तथा उत्थानशील विकासलाई प्राथमिकता दिई क्रमिक रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ।

## ❖ खनिज सम्बन्धी नीतिः

१. गाउँपालिकाभित्र रहेका स्रोत साधनको संरक्षण, सम्बर्द्धन तथा बहुउपयोगी र दीगो रुपमा उपयोग गर्ने नीति लिइनेछ।

२. गाउँपालिका भित्र रहेको खनिजहरुको उपलब्धता सम्बन्धी सम्भाव्यता अध्ययन गरी आइ.इ.इ र इ.आइ.ए को प्रतिवेदन बमोजिम वातावरणीय खनिजहरुको उत्खनन् तथा उपयोग गर्ने कार्यलाई व्यवस्थित र दीगो बनाइनेछ।

## ❖ जलस्रोत नीतिः

१. गाउँपालिकाभित्र उपलब्ध रहेको जलस्रोतलाई कृषि, जल विहार, पर्यटन, स्वच्छ तथा सफा खानेपानी, सिंचाई तथा वातावरण अनुकूलन विकासका लागि अधिकतम उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२. जलस्रोतको बहुआयामिक, समन्यायिक एवं दीगो विकास तथा उपयोगबाट आर्थिक विकास र सामाजिक रुपान्तरण गर्ने नीति लिइनेछ।

३. जलवायु परिवर्तनलाई ध्यान दिई गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको समुचित बहुआयमिक र समन्वयात्मक उपयोग सहित जोखिम व्यवस्थापन तथा क्षति न्यूनिकरणका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

## ❖ सामाजिक विकास तथा समावेशीकरण सम्बन्धी नीतिः

ज्ञ। समाजमा रहेका सामाजिक कुरिति अन्धविश्वास तथा कुसंस्कारहरुको न्यूनीकरण तथा उन्मूलनका लागि कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ।

द्द। समाजिक तथा आर्थिक रुपले पिछडिएका वर्ग समुदाय अपांगता भएका व्यक्तिहरुको लागि सामाजिक तथा आर्थिक सशक्तिकरणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ।

घ। गाउँपालिकाको नीति निर्माण तथा योजना निर्माण प्रकृया लगायतका विषयमा बालबालिका युवा महिला दलित आदिवासी जनजाती सीमान्तकृत लगायत सबैको सहभागिता हुने नीति अवलम्बन गरिनेछ।

द्ध। गाउँपालिकामा निर्माण हुने सार्वजनिक भौतिक संरचनाहरुलाई बालमैत्री तथा अपांगमैत्री बनाइने नीति अवलम्बन गरिनेछ।

छ। सामाजिक विभेदहरुको अन्त्य गरी सामाजिक सद्भाव तथा सहिष्णुता कायम गर्नका निम्ति सामाजिक अन्तरघुलनका कार्यक्रमहरु सञ्चालन गरिने नीति लिइनेछ।

ट। नेपालको संविधानले स्थापित गरेका सामाजिक विकास तथा समावेशीकरण सम्बन्धी नीतिहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**प्रस्ताव नं. ५ : विपद्जन्य सामग्री खरिद तथा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत कार्यक्रम आपतकालिन विपद् व्यवस्थापन सामग्रीहरु व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी विपद् जोखिम न्यूनिकरण तथा रोकथामका लागि कालो प्लाष्टिक र त्रिपाल खरिदका लागि रु ५ लाख ५० हजार र ग्याबिन जाली खरिदका लागि रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।साथै उक्त सामग्रीहरु विपद्जन्य संवेदनशिलता, प्राथमिकता र क्षति न्यूनिकरण तथा रोकथामलाई लक्षित गरी वितरण गर्ने निर्णय गरियो ।

शहिद लखन गाउँपालिका, गोरखा